स्वास्थ्य कार्यालय, प्यूठानको

# जनस्वास्थ्य मासिक खबरपत्रिका

अंक २९, वर्ष २, २०८२ चैत्र ५, ने. सं. ११४६ थिंलाथ्व

## यस अंकका मुख्य विषयवस्तुहरु

१. नसर्ने रोग स्क्रिनिङ्ग तथा ब्यबस्थापन सम्बन्धी समिक्षा, योजना तर्जुमा तथा अभिमुखिकरण

२. मातृ तथा नवजात शिशु र प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रमहरूको अर्धवार्षिक समीक्षा

३. जनस्वास्थ्य कार्यक्रमहरुको समीक्षा तथा कार्ययोजना कार्यशाला

४. सुरक्षित मातृत्व अभियान सम्पन्न

५. मरन्ठाना स्वास्थ्य चौकी तथा सञ्चालित प्रसूति केन्द्रमा स्थलगत प्राविधिक सहयोगात्मक भेट तथा अनुगमन

६. स्थानीय तह र स्वास्थ्य कार्यालयबीच समन्वयात्मक बैठक सम्पन्न

७. बाङ्गेशाल स्वास्थ्य चौकीमा सहयोगात्मक सुपरिवेक्षण तथा सेवा गुणस्तर मूल्याङ्कन सम्पन्न

८. मच्छि स्वास्थ्य चौकीमा सहयोगात्मक सुपरिवेक्षण सम्पन्न

९. पालिका अन्तर्गत सम्पन्न भएका विभिन्न क्रियाकलापहरु




## नसर्ने रोग स्क्रिनिङ्ग तथा ब्यबस्थापन सम्बन्धी समिक्षा, योजना तर्जुमा तथा अभिमुखिकरण

स्वास्थ्य कार्यालय प्यूठानको आयोजनामा “नसर्ने रोगको अभिमुखिकरण सम्बन्धमा” कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ। आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत नसर्ने रोग (मधुमेह, उच्च रक्तचाप, मिर्गौला सम्बन्धी रोग तथा शरीरको उचाइ–तौलको अनुपात सम्बन्धी परीक्षण) को प्रारम्भिक पहिचान तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन उक्त अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको थियो।

कार्यक्रम मिति २०८२ साल फाल्गुन १ गते स्वास्थ्य कार्यालय प्यूठानको सभाहलमा आयोजना गरिएको थियो। कार्यक्रममा जिल्लाका सबै नगरपालिका तथा गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुखहरू तथा पालिकास्तरीय जनस्वास्थ्य अधिकृत (PHO) हरूको सहभागिता रहेको थियो। कार्यक्रममा नसर्ने रोग रोकथाम तथा नियन्त्रणका लागि सञ्चालन गरिने अभियान, सेवा प्रवाहको प्रक्रिया, रिपोर्टिङ तथा समन्वयका विषयमा विस्तृत जानकारी प्रदान गरिएको थियो।

साथै, हालसम्म विभिन्न स्वास्थ्य संस्थामार्फत सञ्चालन भइरहेको नसर्ने रोग स्क्रिनिङ कार्यक्रमको प्रगतिको बारेमा समेत छलफल गरिएको थियो। सहभागीहरूले आ–आफ्नो पालिकामा भएको स्क्रिनिङको अवस्था, देखिएका चुनौतीहरू तथा आगामी दिनमा कार्यक्रमलाई थप प्रभावकारी रूपमा सञ्चालन गर्ने उपायहरूबारे अनुभव आदान–प्रदान गरेका थिए।



# २९ औं स्वास्थ्य सेवा दिवस "दक्ष जनशक्ति, दिगो सेवाः स्वास्थ्य सुरक्षामा हाम्रो प्रतिबद्धता"

## मातृ तथा नवजात शिशु र प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रमहरूको अर्धवार्षिक समीक्षा

स्वास्थ्य कार्यालय प्यूठानको आयोजनामा आ.व. २०८२/८३ को वार्षिक स्वीकृत बजेट अनुसार २०८२/११/२९ गते प्युठान जिल्लामा मातृ तथा नवजात शिशु र प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रमहरूको अर्धवार्षिक समीक्षा तथा योजना तर्जुमा गोष्ठी स्वास्थ्य कार्यालय प्युठानमा सम्पन्न भएको छ। उक्त कार्यक्रममा स्वास्थ्य कार्यालय प्रमुखले अध्यक्षता गर्नु भएको थियो भने जिल्ला समन्वय प्रमुख र प्युठान अस्पतालका मेडिकल सुपरिटेन्डेन्टले प्रमुख आतिथ्यता प्रदान गर्नु भएको थियो। कार्यक्रममा प्युठान जिल्लाका ९ स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख, पब्लिक हेल्थ नर्स / MNH फोकल पर्सनहरू, साथै स्वास्थ्य कार्यालयका कार्यक्रम सुपरिवेक्षकहरूले सहभागिता जनाएका थिए।

गोष्ठीको मुख्य उद्देश्य आ.ब. २०८२/८३ को पौष महिना सम्म स्थानीय तह र स्वास्थ्य कार्यालयको सहकार्यमा सम्पन्न भएका कार्यक्रम र क्रियाकलापहरूको तथ्याङ्कगत बिश्लेषणमार्फत लक्ष्य प्रगतिको समीक्षा गर्नु, स्वीकृत क्रियाकलापहरूको समिक्षा गरेर बाँकी रहेका लक्ष्य तथा सेवा र क्रियाकलापहरू पूरा गर्न कार्ययोजना तयार गर्नु, र स्थानीय तहले सफलतापूर्वक सञ्चालन गरेका नवीन क्रियाकलापहरूको अनुभव साझा गरेर अन्य पालिकाका लागि सिकाइको वातावरण सिर्जना गर्नु रहेको थियो।

यस अवसरमा तथ्यांक फोकल पर्सन कोशलराज वैद्यले कार्यक्रमको उद्देश्य र क्रियाकलापहरूको विश्लेषण प्रस्तुत गर्नु भएको थियो। सहभागीहरूले आफ्ना अनुभव र चुनौतीहरू आदानप्रदान गर्दै भविष्यका कार्यक्रमहरू अझ प्रभावकारी र लक्षित समूहमै पुग्ने गरी योजना बनाउनेमा जोड दिनुभयो।



## बाङ्गेशाल स्वास्थ्य चौकीमा सहयोगात्मक सुपरिवेक्षण तथा सेवा गुणस्तर मूल्याङ्कन सम्पन्न

मिति २०८२ फाल्गुन १० गते प्युठान जिल्लाको सरुमारानी गाउँपालिका, बाङ्गेशाल स्वास्थ्य चौकीबाट प्रदान हुँदै आएको आधारभूत स्वास्थ्य सेवा, मातृ तथा नवजात शिशु स्वास्थ्य सेवा लगायत जनस्वास्थ्य सम्बन्धी सञ्चालन भइरहेका क्रियाकलापहरूको स्वास्थ्य कार्यालय प्युठानको सुपरिवेक्षण टोलीद्वारा सरुमारानी गाउँपालिका स्वास्थ्य शाखा टिमसँगको समन्वयमा सहयोगात्मक सुपरिवेक्षण सम्पन्न गरिएको थियो।

सुपरिवेक्षणका क्रममा स्वास्थ्य संस्थामा सञ्चालित ल्याब सेवा गुणस्तरीय तथा उत्कृष्ट रहेको पाइयो, जसले सेवाग्राहीहरूलाई प्रभावकारी सेवा प्रवाहमा महत्वपूर्ण योगदान पुऱ्याइरहेको देखिएको थियो। साथै, उक्त ल्याब सेवामार्फत वर्षभरि नियमित रूपमा नसर्ने रोग (NCDs) को स्क्रिनिङ्ग सेवा प्रदान गर्ने व्यवस्थापनका विषयमा सरुमारानी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यूसँग समेत समन्वय गरिएको थियो। यस प्रकारको समन्वय र सुपरिवेक्षणले स्थानीय तहमा स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्न तथा जनस्वास्थ्य कार्यक्रमहरूलाई थप प्रभावकारी बनाउन महत्वपूर्ण टेवा पुऱ्याएको निष्कर्ष निकालिएको थियो।



| सुरक्षित गर्भपतन सेवा २०८२/८३ (अर्धवार्षिक) | | १२ हप्ता सम्म | | १२ हप्ता माथि | |
|---|---|---|---|---|---|
| | | मेडिकल | सर्जिकल | मेडिकल | सर्जिकल |
| गर्भपतन सेवा पाएका जम्मा महिला | < २० वर्ष | २२ | १ | ० | ० |
| | ≥ २० वर्ष | ३७२ | ७ | ३ | ३ |
| गर्भपतन पश्चात् प. नि. साधन अपनाएका | छोटो अबधि | ३२० | ० | ० | ० |
| | लामो अबधि | १५ | ० | ० | ० |
| गर्भपतनका कारण भएको जटिलता | | १ | ० | ० | ० |

# २९ औँ स्वास्थ्य सेवा दिवस "दक्ष जनशक्ति, दिगो सेवाः स्वास्थ्य सुरक्षामा हाम्रो प्रतिबद्धता"

## जनस्वास्थ्य कार्यक्रमहरुको समीक्षा तथा कार्ययोजना कार्यशाला




स्वास्थ्य कार्यालय प्युठानको आयोजनामा मिति २०८२/११/२८ गते जनस्वास्थ्यसम्बन्धी कार्यक्रमहरूको अर्धवार्षिक समीक्षा तथा आगामी योजना तर्जुमा गोष्ठी सम्पन्न भएको थियो। कार्यक्रममा स्वास्थ्य कार्यालय प्रमुखले अध्यक्षता गर्नु भएको थियो भने जिल्ला समन्वय प्रमुख र प्युठान अस्पतालका मेडिकल सुपरिटेन्डेन्टले प्रमुख आतिथ्यता प्रदान गर्नु भएको थियो। गोष्ठीमा प्युठान जिल्लाका ९ स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख, फोकल पर्सनहरू, साथै स्वास्थ्य कार्यालयका कार्यक्रम सुपरिवेक्षकहरूले सक्रिय सहभागिता जनाएका थिए।

कार्यक्रमको प्रमुख उद्देश्य आ.ब. २०८२/८३ को माघ महिना सम्म स्थानीय तह र स्वास्थ्य कार्यालयको सहकार्यमा सम्पन्न भएका गतिविधिहरूको तथ्याङ्क र विश्लेषण प्रस्तुत गर्दै लक्ष्य प्रगतिको समिक्षा गर्नु, बाँकी रहेका सेवा तथा क्रियाकलाप पूरा गर्न कार्ययोजना बनाउनु, र स्थानीय तहले संचालन गरेका नवीन र प्रभावकारी क्रियाकलापहरूको अनुभव साझा गरी अन्य पालिकाका लागि सिकाइको अवसर सिर्जना गर्नु रहेको थियो।

यस अवसरमा तथ्यांक फोकल पर्सन कोशलराज वैद्यले कार्यक्रमको उद्देश्य र महत्वपूर्ण बिषयवस्तुहरू प्रस्तुत गर्नु भएको थियो। सहभागीहरूले अनुभव साटासाट गर्दै आगामी कार्यक्रमहरू अझ प्रभावकारी र लक्ष्यसम्पन्न बनाउने उपायहरूमा छलफल गर्नु भएको थियो।

**आ.व. २०८२/८३ को विभिन्न कार्यक्रमहरुको अर्धवार्षिक प्रगति**




## सुरक्षित मातृत्व अभियान सम्पन्न

२०८२ फाल्गुन २६ गते प्युठान जिल्लाको मान्डवी गाउँपालिकामा लुम्बिनी प्रदेश स्वास्थ्य मन्त्रालयद्वारा संचालित "सुरक्षित मातृत्व अभियान" अन्तर्गत मातृ तथा बाल मृत्यु दर न्यूनीकरण कार्यक्रमको अभिमुखिकरण तथा कार्यक्रम कार्यान्वयन योजना कार्यशाला सफलतापूर्वक सम्पन्न भएको थियो। कार्यक्रमको उद्देश्य सुरक्षित मातृत्व सेवाको पहुँच र गुणस्तर अभिवृद्धि गर्दै मातृ तथा नवजात मृत्यु दर न्यूनीकरण गर्नु रहेको थियो।

उक्त कार्यशालामा स्वास्थ्य संस्थाका सेवा प्रदायक स्वास्थ्यकर्मी, व्यवस्थापक टिम तथा पालिकाका जनप्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको थियो। कार्यक्रममा वर्तमान सेवा अवस्था, चुनौतीहरू तथा प्रभावकारी कार्यान्वयनका रणनीतिहरूको बारेमा छलफल गरिएको थियो। साथै, गर्भवती तथा सुत्केरी महिलाको समयमै पहिचान, नियमित ANC/PNC सेवा, संस्थागत प्रसूति प्रवर्द्धन र जटिल अवस्थाको समयमै प्रेषणमा विशेष जोड दिइएको थियो।

कार्यक्रममा गाउँपालिकाका प्रमुख नमराज अधिकारी, उपप्रमुख पूर्ण प्रसाद कालाथोकी, प्युठान अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. शुवास पौडेल, प्रमुख प्रशासकीय अधिकारी भिम कान्त भण्डारी, स्वास्थ्य कार्यालय प्युठान प्रमुख, स्वास्थ्य शाखा प्रमुख धुर्ब कुमार पोख्रेल, सुरक्षित मातृत्व फोकल पर्सन कोशलराज वैद्य, पब्लिक हेल्थ नर्स जनकी साउद तथा ५ वटै वडाका स्वास्थ्य संस्था प्रमुख र नर्सिङ सेवा प्रदायकहरूको उपस्थिति रहेको थियो।

कार्यक्रम कार्यान्वयनका लागि उपप्रमुख ज्युको अध्यक्षतामा समिति गठन गरिएको थियो। साथै, फाल्गुन २६ गतेदेखि उक्त प्याकेज अन्तर्गतका सेवाहरू स्वास्थ्य संस्थाबाट प्रदान गरिने जानकारी स्वास्थ्य शाखा प्रमुख धुर्ब कुमार पोख्रेलले दिनुभएको थियो।

# २९ औँ स्वास्थ्य सेवा दिवस "दक्ष जनशक्ति, दिगो सेवाः स्वास्थ्य सुरक्षामा हाम्रो प्रतिबद्धता"

## मरन्ठाना स्वास्थ्य चौकी तथा सञ्चालित प्रसूति केन्द्रमा स्थलगत प्राविधिक सहयोगात्मक भेट तथा अनुगमन


मिति २०८२ फाल्गुन १७ गते स्वास्थ्य कार्यालय प्युठानबाट प्युठान नगरपालिका–९ स्थित मरन्ठाना स्वास्थ्य चौकी तथा सञ्चालित प्रसूति केन्द्रमा स्थलगत प्राविधिक सहयोगात्मक भेट तथा अनुगमन (Technical Support Visit & Monitoring) सम्पन्न गरिएको थियो।

अनुगमनका क्रममा अनुमानित ६५ जना गर्भवतीमध्ये पछिल्लो ६ महिनामा २० जनाले संस्थागत प्रसूति सेवा लिएको तथ्यांक प्रस्तुत गरिएको थियो। साथै, वडा "Zero Home Delivery" स्थितिमा रहन सफल भएको उल्लेखनीय उपलब्धि हो, जसका लागि सम्पूर्ण स्वास्थ्यकर्मी टोली हार्दिक धन्यवाद र प्रशंसाका पात्र हुनुहुन्छ।

विशेष रूपमा, उक्त स्वास्थ्य संस्था पूर्ण रूपमा महिला स्वास्थ्यकर्मीहरूद्वारा सञ्चालन हुँदै आएको छ, जुन अत्यन्तै गर्वको विषय हो। स्वास्थ्य संस्था प्रमुख रन्जना के.सी.को सक्षम नेतृत्वमा ३ जना नर्सिङ (२ जना SBA सहित), २ जना पारामेडिक्स र १ जना कार्यालय सहयोगीसहित ७ जना समर्पित महिला स्वास्थ्यकर्मीहरूको टोलीले सेवा प्रवाहलाई व्यवस्थित, प्रभावकारी र निरन्तर रूपमा अघि बढाइरहेको छ। सीमित स्रोतसाधनका बीच पनि महिला टोलीद्वारा स्वास्थ्य संस्था सुचारु रूपमा सञ्चालन हुनु साँच्चिकै प्रेरणादायी र गौरवको क्षण हो।




## परिवार योजना कार्यक्रमको महत्वपुर्ण सुचकहरु आ.व. २०८२/२०८३ को अर्धवार्षिक प्रगति




## स्थानीय तह र स्वास्थ्य कार्यालयबीच समन्वयात्मक बैठक सम्पन्न

मिति २०८२/११/११ गते झिमरुक गाउँपालिकाका अध्यक्ष पित बहादुर महतरा क्षेत्रीको अध्यक्षतामा आधारभूत स्वास्थ्य सेवालाई थप गुणस्तरीय बनाउने उद्देश्यले स्थानीय तह र स्वास्थ्य कार्यालयबीच समन्वयात्मक बैठक सम्पन्न भएको छ। बैठकमा पूर्ण खोप सुनिश्चितता, नसर्ने रोग स्क्रिनिङ्ग अभियान २०८२ को प्रभावकारी कार्यान्वयन तथा स्क्रिनिङ्गबाट पत्ता लागेका बिरामीहरूको उचित व्यवस्थापन लगायत स्वास्थ्य कार्यालयको समन्वयमा सञ्चालित जनस्वास्थ्य कार्यक्रमहरूको समग्र अवस्थाबारे विस्तृत छलफल गरिएको थियो।

कार्यक्रममा स्वास्थ्य सेवा पहुँच, गुणस्तर अभिवृद्धि र सेवाको निरन्तरतामा जोड दिँदै आगामी दिनमा थप प्रभावकारी रूपमा कार्यक्रम सञ्चालन गर्ने विषयमा साझा प्रतिबद्धता व्यक्त गरिएको थियो। साथै, स्वास्थ्य कार्यालय प्युठानका प्रमुख नरेशबाबु श्रेष्ठ र नसर्ने रोग पहिचान २०८२ सम्बन्धी कार्यक्रमका फोकल पर्सन पुश्कल प्रसाद श्रेष्ठलाई झिमरुक गाउँपालिकामा हार्दिक स्वागत गरिएको थियो।

उक्त कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत अमरराज सेजुवाल, स्वास्थ्य कार्यालय प्युठानका प्रमुख नरेशबाबु श्रेष्ठ, स्वास्थ्य शाखा प्रमुख विकास के.सी., नसर्ने रोग कार्यक्रमका फोकल पर्सन पुश्कल प्रसाद श्रेष्ठ लगायत सरोकारवालाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। यस प्रकारको समन्वयात्मक छलफलले स्थानीय तहमा जनस्वास्थ्य कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा महत्वपूर्ण टेवा पुग्ने अपेक्षा गरिएको छ।



# २९ औँ स्वास्थ्य सेवा दिवस “दक्ष जनशक्ति, दिगो सेवाः स्वास्थ्य सुरक्षामा हाम्रो प्रतिबद्धता”

## मच्छि स्वास्थ्य चौकीमा सहयोगात्मक सुपरिवेक्षण सम्पन्न

प्युठान जिल्लाको झिमरुक गाउँपालिका, मच्छि स्थित स्वास्थ्य चौकीबाट प्रदान हुँदै आएको आधारभूत स्वास्थ्य सेवा, मातृ तथा नवजात शिशु स्वास्थ्य सेवा लगायत विभिन्न जनस्वास्थ्य कार्यक्रमहरूको स्वास्थ्य कार्यालय प्युठानको सुपरिवेक्षण टोलीद्वारा गाउँपालिका स्वास्थ्य शाखा टिमसँगको समन्वयमा सहयोगात्मक सुपरिवेक्षण सम्पन्न गरिएको थियो।

सुपरिवेक्षणका क्रममा स्वास्थ्य संस्थाबाट प्रदान हुँदै आएको उपचारात्मक सेवा गुणस्तरीय तथा उत्कृष्ट रहेको पाइएको थियो, जसले सेवाग्राहीहरूमा स्वास्थ्य सेवाप्रति विश्वास अभिवृद्धि भएको देखिएको थियो। साथै, मातृ तथा नवजात स्वास्थ्य सेवाहरू समेत प्रभावकारी रूपमा सञ्चालन भइरहेको मूल्याङ्कन गरिएको थियो।

त्यसैगरी, स्वास्थ्य संस्थामा सञ्चालित प्रयोगशाला (ल्याब) सेवामार्फत वर्षभरि नै नियमित रूपमा नसर्ने रोग (NCDs) को स्क्रिनिङ्ग सेवा विस्तार र व्यवस्थापन गर्ने विषयमा समेत छलफल गरिएको थियो। यस किसिमको सेवा विस्तारले प्रारम्भिक पहिचान तथा समयमै व्यवस्थापनमा महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको थियो।




## नसर्ने रोगको स्क्रिनिङ कार्यक्रम २०८२/८३


स्वास्थ्य मन्त्रालय, लुम्बिनी प्रदेश सरकार र स्थानीय सरकारको संयुक्त आयोजनामा Conference – 2026, “ACCELERATING NCD PREVENTION & EARLY DETECTION IN LUMBINI PROVINCE: TOWARD UNIVERSAL SCREENING & HEALTHY LIVING” सम्पन्न भएको थियो। सो सम्मेलन अन्तर्गत सञ्चालन भएको ३० वर्ष “ – माथिका नागरिकहरूको नसर्ने रोग स्क्रिनिङ्ग अभियान २०८२मा प्युठान ”, अर्घाखाँची र पाल्पा जिल्लाले लक्ष्यभन्दा माथि प्रगति हासिल गरेका थिए।





| लक्ष्य | प्रगती | प्रगती % |
|---|---|---|
| २१६१२ | २२५३२ | १०४.२६ |

| रक्तचाप परीक्षण | मधुमेय परीक्षण | मृगौला परीक्षण |
|---|---|---|
| २१९४१ | २१४२४ | १८४९५ |



# पालिका अन्तर्गत सम्पन्न भएका विभिन्न क्रियाकलापहरु

## वडा स्तरीय खोप समन्वय समिति र सरोकारहरुको लागि १ दिने समीक्षा तथा पूर्ण खोप वडा घोषणा कार्यक्रम

-झिमरुक गाउँपालिका

झिमरुक गाउँपालिका, प्युठानका विभिन्न वडामा वडा स्तरीय खोप समन्वय समिति तथा सरोकारवालाहरुका लागि १ दिने समीक्षा तथा पूर्ण खोप वडा घोषणा कार्यक्रम सञ्चालन गरिएको थियो। उक्त कार्यक्रम २०८२/१०/२८ गते झिमरुक गाउँपालिका–२ कासीपोखरास्थित बादीकोट स्वास्थ्य चौकी र २०८२/१०/२९ गते झिमरुक गाउँपालिका–७ तुषारास्थित तुषारा स्वास्थ्य चौकीमा सम्पन्न भएको थियो। कार्यक्रमको मुख्य उद्देश्य वडा भित्र रहेका सबै बालबालिकाले उमेरअनुसारका सम्पूर्ण खोप प्राप्त गरे/नगरेको अवस्थाबारे समीक्षा गर्नु, छुटेका वा dropout भएका बालबालिकाको पहिचान गर्नु, वडा स्तरमा पूर्ण खोप सुनिश्चित गर्ने वातावरण बनाउनु तथा खोप कार्यक्रमको recording र reporting अवस्थाको समीक्षा गर्नु रहेको थियो। कार्यक्रममा जनस्वास्थ्य अधिकृत, स्वास्थ्य चौकीका स्वास्थ्यकर्मी, वडा अध्यक्ष तथा अन्य जनप्रतिनिधिहरु, आमा समूहका सदस्यहरु, महिला स्वास्थ्य स्वयंसेविका (FCHVs) लगायत सरोकारवालाहरुको सहभागिता रहेको थियो भने करिब २५ देखि ३५ जना सहभागी भएका थिए।

कार्यक्रम सम्पन्न पश्चात वडा भित्रका बालबालिकाले उमेरअनुसारका सम्पूर्ण खोप पाएनपाएको अवस्थाबारे समीक्षा गरिएको थियो। / छुटेका बालबालिकाको पहिचान गरी खोपसेवामा ल्याउने विषयमा छलफल गरिएको थियो। साथै स्वास्थ्य संस्था, महिला स्वास्थ्य स्वयंसेविका तथा अन्य सरोकारवालाबीच खोप कार्यक्रमलाई अझ प्रभावकारी बनाउने सम्बन्धमा समन्वय सुदृढ भएको थियो। यस कार्यक्रमबाट वडा स्तरमा पूर्ण खोप सुनिश्चित गर्न समुदायको सहभागिता तथा जनचेतनामा समेत वृद्धि भएको देखिएको थियो।



## प्रजनन स्वास्थ्य रुग्णताको एकीकृत स्क्रिनिङ तथा व्यवस्थापन )VIA Screening Health) कार्यक्रम

-प्युठान नगरपालिका

प्युठान नगरपालिकामा २०८२/११/२६ देखि २०८२/११/२९ सम्म प्रजनन स्वास्थ्य रुग्णताको एकीकृत स्क्रिनिङ तथा व्यवस्थापन (VIA Screening Health) कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रमको मुख्य उद्देश्य गर्भाशय मुखको क्यान्सरको प्रारम्भिक चरणमै पहिचान गर्नु, ३०–६० वर्ष उमेर समूहका महिलालाई नियमित जाँच गराउन प्रोत्साहन गर्नु, जोखिममा रहेका महिलालाई समयमै उपचार वा रेफरल सेवा प्रदान गर्नु तथा महिलाहरूमा प्रजनन स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि गर्नु रहेको थियो।

कार्यक्रममा स्वास्थ्यकर्मी, फोकल पर्सन, सहयोगीहरू तथा प्युठान नगरपालिका अन्तर्गत वडा नं. ८, ९ र १० का महिलाहरूको सहभागिता रहेको थियो भने करिब १६० जना महिलाहरूले सेवा लिएका थिए। कार्यक्रमको फोकल पर्सनका रूपमा स्वास्थ्य अधिकृत बसन्ता कुमारी अधिकारी रहनुभएको थियो।

कार्यक्रम सम्पन्न पश्चात महिलाहरूमा पाठेघर तथा स्तन स्वास्थ्य सम्बन्धी सचेतना वृद्धि भएको, नियमित स्क्रिनिङको महत्वबारे जागरूकता बढेको तथा precancerous अवस्थाहरू पहिचान गरी समयमै उपचार सुरु गरिएको पाइयो। यस कार्यक्रमले क्यान्सरको प्रारम्भिक चरणमै निदान भई जटिलता घटाउन सहयोग पुगेको देखिएको छ।



## मेडिकल अधिकृतद्वारा समुदायमा जाँच तथा USG कार्यक्रम

- ऐरावती गाउँपालिका

ऐरावती गाउँपालिका, प्युठानमा मेडिकल अधिकृतद्वारा समुदायमा जाँच तथा USG कार्यक्रम २०८२/११/२८ गते सञ्चालन गरिएको थियो। कार्यक्रमको मुख्य उद्देश्य गर्भवती महिलाहरु तथा कोखमा रहेको बच्चाको अवस्थाबारे समयमै जानकारी प्राप्त गर्नु, सम्भावित जोखिम तथा रोगहरुको समयमै पहिचान गरी आवश्यक व्यवस्थापन गर्नु तथा यसमार्फत सुरक्षित मातृत्व प्रवर्द्धन गर्दै जनस्वास्थ्यमा सुधार ल्याउनु रहेको थियो। कार्यक्रममा मेडिकल अधिकृत, अ.न.मी., स्वास्थ्य संस्थाका कर्मचारीहरु, गर्भवती महिलाहरु तथा समुदायका अन्य व्यक्तिहरुको सहभागिता रहेको थियो। कार्यक्रममा करिब १२ देखि ३१ जनासम्म सहभागी भएका थिए भने कार्यक्रमको फोकल पर्सनको रूपमा शर्मिला रावत रहनुभएको थियो।

कार्यक्रम सम्पन्न भएपछि गर्भवती महिलाहरुको स्वास्थ्य अवस्था तथा गर्भमा रहेको शिशुको अवस्थाको जाँच गरिएको, सम्भावित जोखिम अवस्थाको समयमै पहिचान गरी आवश्यक परामर्श तथा व्यवस्थापनका लागि मार्गदर्शन प्रदान गरिएको थियो। यस कार्यक्रमबाट गर्भावस्थाका जोखिम अवस्थाहरुको समयमै पहिचान भई सुरक्षित मातृत्व सुनिश्चित गर्न तथा रोगहरुको प्रारम्भिक पहिचान र नियन्त्रणमार्फत जनस्वास्थ्य सुधारमा सहयोग पुगेको अपेक्षा गरिएको छ।



## स्वास्थ्य संस्थाबाट सञ्चालन भएका खोप, गाउँघर क्लिनिक तथा आमा समूह कार्यक्रमहरू

- मल्लरानी गाउँपालिकामा

मल्लरानी गाउँपालिकामा फाल्गुन महिनामा नियमित कार्यक्रम अन्तर्गत खोप, गाउँघर क्लिनिक तथा आमा समूह कार्यक्रमहरू सञ्चालन भएका थिए। कार्यक्रमको उद्देश्य बालबालिका तथा गर्भवती महिलालाई खोपबाट बच्न सकिने रोगहरूबाट सुरक्षित राख्न समयमै नियमित खोप सेवा प्रदान गर्नु, समुदाय स्तरमै आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराई स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्नु तथा आमा समूहमार्फत मातृ तथा शिशु स्वास्थ्य सम्बन्धी सचेतना अभिवृद्धि गर्नु रहेको थियो।

कार्यक्रममा स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, आमा समूहका सदस्यहरू तथा समुदायका सर्वसाधारणको सक्रिय सहभागिता रहेको थियो। कार्यक्रम सम्पन्न पश्चात लक्षित बालबालिका तथा गर्भवती महिलालाई तालिकाअनुसार खोप प्रदान गरिएको, गाउँघर क्लिनिक तथा आमा समूह बैठकमार्फत मातृशिशु स्वास्थ्य–, पोषण, सरसफाइ तथा खोपसम्बन्धी स्वास्थ्य शिक्षा प्रदान गरिएको थियो। साथै सेवाग्राहीहरूले स्वास्थ्य जाँच, परामर्श तथा आवश्यक औषधि सेवा प्राप्त गरेका थिए, जसले समुदायमा स्वास्थ्य सेवाको पहुँच र उपयोगमा वृद्धि भएको देखिएको थियो।



## बालबालिका तथा गर्भवती महिलाका लागि नियमित खोप सेवा

- माण्डवी गाउँपालिका

माण्डवी गाउँपालिकामा बालबालिका तथा गर्भवती महिलाका लागि नियमित खोप सेवा कार्यक्रम सफलतापूर्वक सञ्चालन गरिएको थियो। २०८२ साल फागुन १९ गते सञ्चालन गरिएको उक्त कार्यक्रममा स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका तथा अभिभावकहरूको सक्रिय सहभागिता रहेको थियो, जसमा कुल ६० जनाको उपस्थिति रहेको थियो। कार्यक्रमको मुख्य उद्देश्य बालबालिकालाई विभिन्न संक्रामक रोगबाट सुरक्षित राख्नुका साथै खोप सेवाको पहुँच विस्तार गर्न रहेको थियो। →

स्वास्थ्य शाखा प्रमुखको फोकल समन्वयमा सम्पन्न उक्त कार्यक्रममार्फत लक्षित समूहमा खोपप्रति जागरूकता अभिवृद्धि भएको थियो। कार्यक्रमपश्चात खोप सेवाको उपयोगमा वृद्धि भई खोप दरमा सुधार आएको तथा खोपबाट बच्न सकिने रोगहरूको जोखिममा कमी आएको देखिएको छ, जसले समग्र रूपमा बाल तथा मातृ स्वास्थ्य सुधारमा सकारात्मक योगदान पुऱ्याएको छ।



## नसर्ने रोग स्क्रिनिङ अभियान सञ्चालन तथा अनुगमन कार्यक्रम

-गौमुखी गाउँपालिका

गौमुखी गाउँपालिका–२ स्थित अर्खा स्वास्थ्य चौकीमा नसर्ने रोग स्क्रिनिङ अभियान सञ्चालन तथा अनुगमन कार्यक्रम २०८२/११/११ गते सञ्चालन गरिएको थियो। कार्यक्रमको उद्देश्य नसर्ने रोग स्क्रिनिङ सेवा राष्ट्रिय मापदण्डअनुसार सञ्चालन भइरहेको अवस्था सुनिश्चित गर्नु, ३० वर्षभन्दा माथिका लक्षित जनसंख्यामा स्क्रिनिङ कभरेज अनुगमन गर्नु तथा उच्च रक्तचाप, मधुमेह, मोटोपन, मिर्गौला रोग जस्ता नसर्ने रोगहरूको प्रारम्भिक पहिचान सुनिश्चित गर्नु रहेको थियो। साथै पहिचान भएका बिरामीलाई आवश्यक उपचार, परामर्श तथा रेफरल सेवा प्रदान गरिएको अवस्थाको समेत अनुगमन गरिएको थियो।

अनुगमनमा स्वास्थ्य शाखा प्रमुख हरि प्रसाद जैसी तथा जनस्वास्थ्य अधिकृत अनुस्का पुरी सहभागी हुनुहुन्थ्यो। स्क्रिनिङ अभियानमा कुल २८६ जना सहभागी भएका थिए। कार्यक्रम सम्पन्न पश्चात ३० वर्षभन्दा माथिका लक्षित जनसंख्यामा नसर्ने रोग स्क्रिनिङ सेवाको पहुँच तथा कभरेज वृद्धि भएको, समुदायमा उच्च रक्तचाप, मधुमेह, मोटोपन लगायत नसर्ने रोगहरूको प्रारम्भिक पहिचान भएको तथा पहिचान भएका बिरामीहरूलाई समयमै उपचार, परामर्श )Counselling) तथा आवश्यक सेवा प्रदान गरिएको पाइयो। यससँगै समुदायमा नसर्ने रोग तथा स्वस्थ जीवनशैली सम्बन्धी जनचेतनामा वृद्धि भएको, स्वास्थ्य संस्थामा अभिलेख व्यवस्थापन तथा प्रतिवेदन प्रणाली थप व्यवस्थित भएको तथा जोखिम समूहका व्यक्तिहरूमा नियमित स्वास्थ्य जाँच तथा फलोअप सेवा लिने प्रवृत्ति बढेको देखिएको छ। साथै स्थानीय तहमा नसर्ने रोग नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी कार्यक्रमलाई अझ प्रभावकारी रूपमा सञ्चालन गर्ने आधारसमेत तयार भएको निष्कर्ष निकालिएको छ।




## विद्यालय स्वास्थ्य तथा पोषण सम्बन्धी कक्षा सञ्चालन कार्यक्रम

- स्वर्गद्वारी नगरपालिका

स्वर्गद्वारी नगरपालिकामा फाल्गुन महिनाअन्तर्गत १४ गते श्री विद्यानन्द माध्यमिक विद्यालय, जुडापाटा–०९ र श्री गंगेश्वरी माध्यमिक विद्यालय, वाझिपुर–०४ मा विद्यालय स्वास्थ्य तथा पोषण सम्बन्धी विद्यालय उमेरका बालबालिका तथा किशोरकिशोरीमा कुपोषण तथा नसर्ने रोगको जोखिम न्युनिकरण गर्न विद्यालय कक्षा सञ्चालन गरिएको थियो। विद्यालय उमेरका बालबालिका तथा किशोरकिशोरीमा बढ्दो कुपोषण तथा नसर्ने रोगको जोखिम न्यूनीकरण गर्ने उद्देश्यले विद्यालय कक्षा सञ्चालन गरिएको हो।यस क्रममा सन्तुलित आहार, व्यक्तिगत सरसफाइ, नियमित शारीरिक व्यायाम, स्वस्थ जीवनशैली तथा नसर्ने रोगबाट बच्ने उपायहरूका विषयमा सहजिकरण गरिएको थियो।

कार्यक्रममा माध्यमिक तह (कक्षा ९ र १०) मा अध्ययनरत विद्यार्थीहरूको सक्रिय सहभागिता रहेको थियो। श्री विद्यानन्द माध्यमिक विद्यालय, जुडापाटा–०९ बाट ५१ जना तथा श्री गंगेश्वरी माध्यमिक विद्यालय, वाझिपुर–०४ बाट ४५ जना गरी जम्मा ९६ जना विद्यार्थी सहभागी भएका थिए। कार्यक्रम सम्पन्न पश्चात विद्यार्थीहरूमा पोषण तथा नसर्ने रोग सम्बन्धी ज्ञानमा वृद्धि भएको, स्वस्थ खानपान र जीवनशैली अपनाउनेतर्फ सकारात्मक सोच विकास भएको तथा यस सन्देश समुदायसम्म समेत फैलिने अपेक्षा गरिएको छ। यस कार्यक्रममार्फत स्वर्गद्वारी नगरपालिकामा कुपोषण तथा नसर्ने रोगको जोखिम न्यूनीकरणमा दीर्घकालीन रूपमा सहयोग पुग्ने विश्वास गरिएको छ।



## नसर्ने रोग )NCD) सम्बन्धी स्वास्थ्य परीक्षण तथा सचेतना कार्यक्रम

- नौबहिनी गाउँपालिका

नौबहिनी गाउँपालिकामा फागुन महिनामा नसर्ने रोग )NCD) सम्बन्धी स्वास्थ्य परीक्षण तथा सचेतना कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रमको मुख्य उद्देश्य समुदायमा बढ्दो रूपमा देखिँदै आएका उच्च रक्तचाप, मधुमेह, मुटु रोग तथा मोटोपना जस्ता नसर्ने रोगहरूको जोखिम कारक पहिचान गरी समयमै नियन्त्रण तथा रोकथामका लागि सचेतना फैलाउनु रहेको थियो। साथै सहभागीहरूलाई नियमित स्वास्थ्य परीक्षणको महत्व, सन्तुलित आहार सेवन, दैनिक व्यायाम, स्वस्थ जीवनशैली अपनाउने तथा धूम्रपान र मद्यपानबाट टाढा रहनुपर्ने विषयमा जानकारी प्रदान गरिएको थियो।

कार्यक्रममा स्थानीय समुदायका नागरिक तथा स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो भने जनस्वास्थ्य अधिकृत कालिका बुढा मगर कार्यक्रमको फोकल पर्सन रहनुभएको थियो। कार्यक्रम अन्तर्गत रक्तचाप, रक्तमा चिनीको मात्रा तथा (ब्लड सुगर)BMI जाँच गरिएको थियो र जोखिम समूहमा परेका व्यक्तिहरूलाई थप उपचार तथा परामर्शका लागि नजिकको स्वास्थ्य संस्थामा सिफारिस गरिएको थियो।

कार्यक्रम सम्पन्न पश्चात सहभागीहरूमा नसर्ने रोग सम्बन्धी सचेतना वृद्धि भएको, नियमित स्वास्थ्य परीक्षण गर्ने र स्वस्थ जीवनशैली अपनाउने प्रतिबद्धता बढेको पाइयो। यस कार्यक्रमले समुदायमा नसर्ने रोगको जोखिम घटाउन तथा नियमित स्वास्थ्य जाँच गर्ने बानी विकास गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।




## किशोर किशोरीको यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धि विद्यालय स्वास्थ्य कार्यक्रम

- सरुमारानी गाउँपालिका

सरुमारानी गाउँपालिकामा किशोरकिशोरीको यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी विद्यालय स्वास्थ्य कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको थियो। फागुन १४ गते सञ्चालन गरिएको उक्त कार्यक्रममा गाउँपालिकाअन्तर्गतका विभिन्न विद्यालयमा अध्ययनरत कक्षा ९, १०, ११ र १२ का ६० जना छात्रछात्राहरूको सहभागिता रहेको थियो। कार्यक्रमको उद्देश्य किशोरकिशोरीलाई यौन तथा प्रजनन स्वास्थ्य अधिकार, शारीरिक तथा मानसिक परिवर्तन तथा यससँग सम्बन्धित समस्याबारे जानकारी प्रदान गर्नुका साथै विद्यालयमा कार्यरत शिक्षकहरूमाझ समेत यस विषयमा छलफल गरी सचेतना अभिवृद्धि गर्नु र स्वास्थ्य संस्था तथा विद्यालयबीचको समन्वयलाई सुदृढ बनाउनु रहेको थियो।

सृजना नेपालीको फोकल समन्वयमा सम्पन्न उक्त कार्यक्रममार्फत सहभागी किशोरकिशोरीहरूले किशोरकिशोरीमैत्री स्वास्थ्य सेवाबारे जानकारी प्राप्त गरेका थिए भने स्वास्थ्य संस्थाबाट उपलब्ध सेवाहरूको पहुँच र उपयोगबारे समेत उनीहरूमा जागरूकता अभिवृद्धि भएको थियो। साथै, कार्यक्रमले विद्यालय र स्वास्थ्य संस्थाबीच सहकार्यलाई अझ प्रभावकारी बनाउन सहयोग पुर्याउँदै आगामी दिनमा यस्ता कार्यक्रमलाई निरन्तरता दिने सकारात्मक आधार तयार गरेको थियो।



## सम्पादकीय

स्वास्थ्य कार्यालय प्यूठानले आ.व. २०८०/८१ को सुरुवात सँगै सुरु गरेको जनस्वास्थ्य मासिक समाचारपत्रको २९ औं अंक प्रकाशन गर्न लागेको छ । फाल्गुन महिनामा जिल्लामा भएका जनस्वास्थ्य गतिविधिहरु र स्वास्थ्य सम्बन्धी जानकारिहरु समेटिएको यो अंकले जनस्वास्थ्य सम्वन्धि मासिक गतिविधिहरु र आगामी दिनमा सञ्चालन हुन गईरहेका स्वास्थ्य सम्वन्धी क्रियाकलापहरुको बारेमा र समग्र स्वास्थ्य कार्यालयबाट संञ्चालित कार्यक्रमहरुको सारसंक्षेप प्रस्तुत गरिएको छ । यस खवरपत्रिका लाई बिभिन्न क्षेत्रबाट प्राप्त सुझावको आधारमा क्रमिक रुपमा सुधार गर्दै लगिने छ।